नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
## शिक्षा तथा मानवस्रोत विकास केन्द्र

# विद्यालय शिक्षासम्बन्धी गतिविधि-५३ (पूर्णाङ्क २५८)

### बूढानीलकण्ठ स्कुल, काठमाडौंको
### बूढानीलकण्ठ स्कुल तथा साझेदारी कार्यक्रमअन्तर्गतको

## छात्रवृत्ति परीक्षासम्बन्धी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत बूढानीलकण्ठ स्कुल, काठमाडौं तथा साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरूमा कक्षा ५ देखि आवासीय रूपमा निःशुल्क वा सहुलियत शुल्कमा अध्ययनका लागि विपन्न समुदायका जेहेनदार बालबालिकाहरूमध्येबाट छात्रवृत्तिमा छनोटका लागि तपसिल बमोजिमको सूचना प्रकाशित गरिएको छ।

१. **छनोटका आधार** : वि.सं. २०६८ वैशाखदेखि २०६९ चैत मसान्तभित्र जन्म भई कम्तीमा २ वर्ष अगाडिदेखि सामुदायिक विद्यालयमा नियमित रूपमा अध्ययन गरी शैक्षिक सत्र २०७८ मा कक्षा ४ अध्ययन पूरा गरेका छात्र-छात्रामध्ये विभिन्न भौगोलिक क्षेत्र तथा लक्षित समुदाय समेतको प्रतिनिधित्व हुने गरी लिखित प्रतियोगितात्मक परीक्षाको नतिजाको योग्यता क्रमका आधारमा अन्तर्वार्ताबाट विद्यार्थी छनोट गरिनेछ।

२. **फाराम बुझाउने मिति र समय** : २०७९ वैशाख १८ गते आइतबार, दिउँसो १:०० देखि ४:०० बजेसम्म तथा
२०७९ वैशाख १९ गते सोमबार, बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म
दरखास्त फाराम bnks.edu.np वा cehrd.gov.np बाट डाउनलोड गरी रीतपूर्वक भरेर दरखास्त फाराममा तोकिए बमोजिम सिफारिस तथा प्रमाणित गराई आवश्यक कागजात सहित आफ्नो जिल्लालाई तोकिएका परीक्षा केन्द्रमा बुझाउनु पर्नेछ।
रीतपूर्वक भरी दस्तखत गरी प्रमाणित गरिएको फाराम र आवश्यक कागजात स्क्यानिङ गरी इमेल ठेगाना office@bnks.edu.np मा परीक्षा अगावै पठाउन सकिनेछ। तर सक्कल कागजातहरू परीक्षा केन्द्रमा अनिवार्य रूपमा बुझाउनु पर्नेछ।

३. **लिखित परीक्षा मिति र समय** : २०७९ वैशाख १९ गते सोमबार, बिहान ११:०० बजे।

४. **पाठ्यक्रम** : कक्षा ३ र ४ मा पढाई हुने विषयहरू : नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक शिक्षा र सामान्य ज्ञान (४० प्रतिशत वस्तुगत र ६० प्रतिशत विषयगत)।

५. **बूढानीलकण्ठ स्कुलका निमित्त खुला तथा आरक्षण सिटको सङ्ख्या** : ४२ (५०% छात्रा रहने)
(क) खुला र आरक्षणतर्फ एक जिल्लाबाट एकजना भन्दा बढी नहुने गरी ४० जना विद्यार्थी छनोट गरिनेछ।
(ख) आरक्षण सिट : २० जना (लोपोन्मुख-२, दलित-४, मुस्लिम -१, मधेसी-४, आदिवासी/जनजाति-५, पिछडिएको क्षेत्र-२ र द्वन्द्वपीडित-२),
(ग) विद्यालय रहेको स्थानीय तह बूढानीलकण्ठ नगरपालिका भित्रका-२ जना (एक छात्र र एक छात्रा)।

६. साझेदारी कार्यक्रम अन्तगर्तका साझेदारी स्कुलका निमित्त उपलब्ध भएसम्म जिल्ला नदोहोरिने गरी जम्मा ७७ जना विद्यार्थी छनोट गरिनेछ। यसमा आरक्षण (दलित-५, मुस्लिम-२, मधेसी-६, जनजाति-९ र छात्रा कम्तीमा २६ जना)

७. **साझेदारी कार्यक्रमका सहभागी विद्यालयहरू :**
१. शीतलादेवी मा.वि., धनकुटा
२. नवजीवन माध्यमिक विद्यालय, जुटपानी, सर्लाही
३. कुलेश्वर आवास माध्यमिक विद्यालय, कुलेश्वर, काठमाडौं
४. बालमन्दिर माध्यमिक विद्यालय, लुम्ले, कास्की
५. जनता मा.वि., पाल्पा
६. वीरेन्द्र विद्यामन्दिर माध्यमिक विद्यालय, टीकापुर, कैलाली

८. आवेदन दस्तुर : रु. १००/- (एक सय मात्र)।

९. परीक्षा केन्द्रहरू :

| परीक्षा केन्द्र, ठेगाना | परीक्षा केन्द्रमा सहभागी हुन पाउने जिल्लाहरू |
|---|---|
| इलाम इजुकेसन फाउन्डेसन, इलाम | इलाम, झापा, पाँचथर र ताप्लेजुङ |
| त्रिवेणी मा.वि., धनकुटा | धनकुटा, भोजपुर, खोटाङ, सङ्खुवासभा र तेह्रथुम |
| जनपथ मा. वि. विराटनगर, मोरङ | मोरङ, सुनसरी, झापा, खोटाङ, सोलुखुम्बु र भोजपुर |
| सगरमाथा जनता मा.वि., ओखलढुङ्गा | ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ र उदयपुर |
| पशुपति आदर्श मा.वि., लहान, सिरहा | सिराहा, उदयपुर, खोटाङ र सप्तरी |
| याज्ञवल्क्य संस्कृत मा.वि., ज्ञानकूप, जनकपुर, धनुषा | धनुषा, सर्लाही, महोत्तरी र उदयपुर |
| जनज्योति मा.वि. चन्द्रनिगाहपुर, रौतहट | रौतहट, पर्सा र बारा |
| जनज्योति मा.वि., गोलन्जोर, खुर्कोट, सिन्धुली | सिन्धुली, रामेछाप र दोलखा |
| आधुनिक राष्ट्रिय मा.वि., हेटौंडा, मकवानपुर | मकवानपुर, पर्सा, बारा, धादिङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र चितवन |
| सञ्जीवनी मा.वि., धुलिखेल, काभ्रेपलान्चोक | काभ्रेपलान्चोक, दोलखा, रामेछाप, भक्तपुर र सिन्धुपाल्चोक |
| बूढानीलकण्ठ स्कुल, काठमाडौं | काठमाडौं, सिन्धुपाल्चोक, भक्तपुर, ललितपुर, नुवाकोट, रसुवा र धादिङ |
| पवित्रा मा.वि., नाहाला, डुम्रे, तनहुँ | तनहुँ, गोरखा, मनाङ र लमजुङ |
| संस्कृत उच्च मा.वि., पोखरा, कास्की | कास्की, स्याङ्जा, लमजुङ, मुस्ताङ र गोरखा |
| रुद्रेपिपल मा.वि., बागलुङ | बागलुङ, मुस्ताङ, पर्वत र म्याग्दी |
| कालिका मानवज्ञान मा.वि., बुटवल, रुपन्देही | रुपन्देही, पाल्पा, कपिलवस्तु, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), गुल्मी र अर्घाखाँची |
| राष्ट्रिय मा.वि. भालुवाङ, देउखुरी, दाङ | दाङ, सल्यान, प्युठान, रोल्पा, रुकुम पूर्व र अर्घाखाँची |
| सरस्वती मा.वि., नेपालगन्ज, बाँके | बाँके, बर्दिया, डोल्पा, मुगु र हुम्ला |
| शीतल मा.वि., चौरजहारी, रुकुम पश्चिम | रुकुम पश्चिम, रुकुम पूर्व, जाजरकोट, सल्यान र डोल्पा |
| नेपाल राष्ट्रिय मा.वि., वीरेन्द्रनगर ६, सुर्खेत | सुर्खेत, हुम्ला, कालीकोट, मुगु, डोल्पा, दैलेख र जाजरकोट |
| जनता मा.वि., महतगाउँ, जुम्ला | जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालीकोट |
| जनकल्याण मा.वि., साँफेबगर, अछाम | अछाम, बाजुरा, डोटी, बझाङ र मुगु |
| दुर्गालक्ष्मी नमुना मा.वि., अत्तरिया, कैलाली | कैलाली, कञ्चनपुर, डोटी र बझाङ |
| महेन्द्र नमुना मा.वि., खलङ्गा, डँडेलधुरा | डँडेलधुरा, बैतडी, डोटी, दार्चुला र बझाङ |

१०. **रीतपूर्वक भरी दस्तखत गरी प्रमाणित गरिएको आवेदन फारामको साथमा संलग्न गर्नुपर्ने कागजातहरू :**
(१) सम्बन्धित वडा कार्यालय वा स्थानीय तहले विपन्नताको आधार खुलाई छात्रवृत्तिका लागि सिफारिस गरेको सिफारिस पत्र।
(२) स्थानीय पञ्जिकाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।
(३) सामुदायिक विद्यालयबाट कक्षा ३ उत्तीर्ण गरेको प्रमाणपत्र र कक्षा ४ को अन्तिम प्रमाणपत्र जारी नभएको भए सो व्यहोरा खुल्ने विद्यालयको पत्र।
(४) विद्यार्थीका बाबु र आमा दुवैको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। यदि बाबुआमाबाहेक अन्य व्यक्ति संरक्षक भए आधिकारिक निकायबाट विद्यार्थीसँगको नाता खुलाइएको प्रमाणपत्र र निजको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
(५) आरक्षित गरिएको सिटमा आवेदन दिन चाहने व्यक्तिले आफ्नो थर नेपाल सरकारले सार्वजनिक गरेको सूचीमा पर्ने भएमा सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा सम्बन्धित आधिकारिक निकायबाट जारी गरिएको सिफारिस पत्र।
(६) पिछडिएको दुर्गम क्षेत्रका हकमा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहले निज व्यक्ति हालसम्म सोही स्थानमा स्थायी बसोबास रहेको र निजको छोरा वा छोरीले स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गरेको हो भनी खुलाइदिएको सिफारिस पत्र।
(७) द्वन्द्वपीडितका हकमा बाबु वा आमा द्वन्द्वपीडित भएको प्रमाण खुल्ने गरी जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको प्रमाणपत्र।
(८) हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको २ प्रति फोटो।

**पुनश्च :**
(१) सम्बन्धित अभिभावकको एक सन्तान बूढानीलकण्ठ स्कुलमा नै छात्रवृत्तिमा अध्ययनरत भएमा निजको अर्को सन्तानलाई बूढानीलकण्ठ स्कुलमा छात्रवृत्ति प्रदान गरिनेछैन।
(२) छात्रवृत्ति छनोट समितिले परीक्षामा सामेल विद्यार्थीका अभिभावकको आयका सीमा तोकी सो सीमाको अधीनमा रही फाराम स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।
(३) माथि सि.नं. ९ बमोजिम जिल्लाहरूका सवालमा तोकिएको परीक्षा केन्द्रबाहेक अन्य परीक्षा केन्द्रबाट परीक्षा दिन पाइनेछैन।
(४) रीतपूर्वक नभरिएको, सबै विवरण खुलाई प्रमाणित नगरिएको तथा संलग्न गर्न भनिएका आवश्यक कागजात संलग्न नगरेका आवेदन फाराम स्वतः रद्द हुनेछन्।
(५) सम्पर्क नं. : ०१४३७०२४८ /०१४३७१६३७

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०७८।१२।१६)

यस केद्रबाट मिति २०७८।१०।२४ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार Supply, Installation and Commencing of Studio equipment खरिद कार्यका लागि दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन हुँदा निम्न बोलपत्र दाताको बोलपत्र न्यून कबोल भएको र सारभूत रूपमा प्रभावग्राही रहेकोले उक्त बोलपत्र स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | बोलपत्र नं. र कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क (मू.अ. कर समेत) |
|---|---|---|---|
| १. | CEHRD/Goods/NCB/1/078-79 Supply, Installation and commencing of Studio equipment | Soheto Nepal Pvt. Ltd. Teku Road, Kathmandu | ९८,२५,३५०।०० (अन्ठानब्बे लाख पच्चीस हजार तीन सय पचास रुपियाँ मात्र) |

## लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट आ.व. २०७८/०७९ मा प्रकाशन हुने शैक्षिक स्मारिका अङ्क ३ का लागि साक्षरता, शिक्षक शिक्षा, दूर शिक्षा तथा शैक्षिक व्यवस्थापन लगायतका शिक्षासँग सम्बन्धित क्षेत्रमा अनुसन्धानमूलक, विचारमूलक, विश्लेषणात्मक र मौलिक लेख रचना २५०० देखि ३००० शब्दसम्मको नेपाली भाषा भए Unicode मा अक्षर साइज १० र अङ्ग्रेजी भाषा भए Times New Roman, 12 Font मा तपसिल बमोजिमको ढाँचामा नेपाली भाषाको वर्णविन्यास अनुसार तयार गरी विद्युतीय प्रति यस केन्द्रको पाठ्यक्रम तथा सामग्री शाखाको इमेल ठेगाना cehrdcu21@gmail.com मा मिति २०७९ वैशाख मसान्तभित्र उपलब्ध गराइदिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**लेख रचनाको सामान्य ढाँचा**
१. लेख सार
२. विषय प्रवेश
३. विद्यमान अवस्थाको विश्लेषण (SWOT Analysis)
४. सुझाव
५. निष्कर्ष
६. सन्दर्भ सामग्री
**सम्पर्क फोन नं. : ९८४१६६९७७६**

## पढ्दै कमाउँदै कार्यक्रमका लागि विद्यालय छनोट सम्बन्धी सूचना

मिति २०७८/१०/१ गतेको गोरखापत्रमा प्रकाशित सूचनाबाट आ.व. २०७८/०७९ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको पढ्दे कमाउँदे कार्यक्रम सञ्चालनका लागि इच्छुक विद्यालयहरूसँग प्रस्ताव माग गरिएकोमा निर्देशक समितिको मिति २०७८/१२/८ गते बसेको बैठकबाट कार्यक्रम सञ्चालनका लागि छनोट भएका १४० विद्यालयहरूको नामावली यस केन्द्रको Website-www.cehrd.gov.np मा राखिएकोछ। छनोट भएका विद्यालयहरूले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण भइजाने र सम्बन्धित स्थानीय तहसँगको साझेदारीमा पढ्दे कमाउँदे कार्यक्रम सञ्चालन कार्यविधि २०७८ बमोजिम कायक्रम सञ्चालन गर्ने/गराउने व्यवस्थाका लागि अनुरोध छ।

## सबै स्थानीय तहका लागि अनुरोध

प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीलाई पकाएको तातो तातो गुणस्तरीय दिवा खाजा खुवाउने कार्यका लागि सम्बद्ध विद्यालयलाई सहजीकरण गर्नुहुन अनुरोध छ।
१. **सन्तुलित खाजाको अवधारणा अनुरूप दिवा खाजा खुवाउने व्यवस्था मिलाउने,**
२. **दिवा खाजाका लागि तोकिएको मापदण्ड पूरा गर्नका लागि प्रत्येक बालबालिकाका लागि प्रतिदिन अन्न समूह गेडागुडी दलहन समूह तरकारी हरियो सागपात फलफूल समूह र पशुजन्य (दुध दही ध्यू माछा मासु) समूह मिलाएर १५० ग्राम देखि २०० ग्राम सम्मको खाजा खुवाउने व्यवस्था मिलाउने,**
३. **दिवा खाजा सम्बन्धी व्यवस्था "विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७" मा व्यवस्था भए बमोजिम हुने।**

## बालबालिकालाई दिइने टाइफाइड खोप सम्बन्धी सूचना



यही चैत २५ गते देखि वैशाख १८ गते सम्म देशैभरका १५ महिना देखि १५ वर्षमुनिका सबै बालबालिकालाई टाइफाइड खोप प्रदान गरिँदै छ। बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगि टाइफाइड खोप अनिवार्य लगाऔं। खोप लगाउने निश्चित मिति र स्थानको बारेमा जानकारी लिन स्वास्थ्य संस्था, विद्यालय वा वडा कार्यालयमा सम्पर्क गरौं।

साथै यस अभियान पश्चात् नियमित खोप कार्यक्रममा टाइफाइड खोप पनि समावेश गरिनेछ र १५ महिना पुगेका सबै बालबालिकालाई एक डोज टाइफाइड विरुद्धको खोप प्रदान गरिनेछ।

कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं
मास्क लगाऔं
भौतिक दूरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय